# गेरुवा गाउँपालिका

# २०७५

## ३० औं कार्यपालिका बोर्ड बैठक

**२९ असार, २०७५**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७५ साल असार २९ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको ३० औं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ |
| श्री शान्ती चौधरी | - | सदस्य |
| श्री राजु बडुवाल खत्री | - | सदस्य |
| श्री चन्द्ररुपा कामी | - | सदस्य |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य |
| श्री बम बहादुर वि क. | - | सदस्य |
| श्री भिम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव |

**प्रस्तावहरु**

**१. पूर्ण शाक्षरता घोषणा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।**
**२. आ.व. २०७४।७५ मा बसेका ३० वटै बोर्ड बैठकबाट भएका निर्णयहरु समर्थनका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**
**३. आर्थिक विधेयक २०७५ , विनियोजन विधेयक २०७५ र बजेट, नीति तथा कार्यक्रम स्वीकृतिको लागि पेश गर्ने सम्बन्धमा ।**
**४. गेरुवा गाउँपालिकाको लोगो, पोशाक, परिचयपत्र निर्माण गर्न प्रस्ताव समिति गठन गर्ने सम्बन्धमा ।**
**५. गिट्टी, बालुवा प्रशोधन केन्द्र स्थापना गर्ने सहमति सम्बन्धमा ।**
**६. दरबन्दी सर्भेक्षण तथा सेवा सुविधा सम्बन्धी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**
**७. कर्मचारी कल्याण कोष स्थापना गरी शहवीर थारुलाई भुक्तानी दिने सम्बन्धमा ।**
**८. कर्णाली प्रदेशमा समाहित प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**
**९. गैरसरकारी संस्थाहरु संग सहकार्य तथा परिचालन गर्ने सम्बन्धमा ।**
**१०. बिबिध**
**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

**निर्णयहरु :-**

**१. पूर्ण शाक्षरता घोषणा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।**

प्रताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नका लागि गाउँपालिका अन्तर्गत सवै वडाका सवै क्लस्टर तथा सवै टोल समितिहरुमा साक्षर कक्षा सञ्चालन कार्यक्रम सञ्चालन गरि आगामी असार मसान्त भित्र पूर्ण शाक्षर गाउँपालिका घोषणा गर्ने कार्यक्रम स्वीकृतार्थ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**२. आ.व. २०७४।७५ मा बसेका ३० वटै बोर्ड बैठकबाट भएका निर्णयहरु समर्थनका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

प्रताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०७४।७५ मा बसेका सवै बोर्ड बैठकहरु बाट भएका निर्णयहरु समर्थनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**३. आर्थिक विधेयक २०७५ , विनियोजन विधेयक २०७५ र बजेट, नीति तथा कार्यक्रम स्वीकृतिको लागि पेश गर्ने सम्बन्धमा ।**

प्रताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०७५।७६ मा कार्यान्वयन हुने **आर्थिक विधेयक २०७५ , विनियोजन विधेयक २०७५ र बजेट, नीति तथा कार्यक्रम** स्वीकृतार्थ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**४. गेरुवा गाउँपालिकाको लोगो, पोशाक, परिचयपत्र निर्माण गर्न प्रस्ताव समिति गठन गर्ने सम्बन्धमा ।**

प्रताव नं. ४ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको लोगो, पोशाक, परिचयपत्र निर्माण प्रस्ताव पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| | |
|---|---|
| श्री भिम बहादुर खत्री | संयोजक |
| श्री कुन नारायण चौधरी | सदस्य |
| श्री प्रकाश शर्मा | सदस्य |
| श्री तुल्सीराम श्रेष्ठ | सदस्य |

**५. गिट्टी, बालुवा प्रशोधन केन्द्र स्थापना गर्ने सहमति सम्बन्धमा ।**

प्रताव नं. ५ माथि छलफल गर्दा स्वीकृत IEE बाट निर्धारित गिट्टी, बालुवा बुढीकुलो लगायतका स्थानीय कुलोहरुबाट बगेर आउने बालुवा र स्थानीय मानिसहरुको निजी आवादी जग्गाबाट निस्कने बालुवा, गिट्टी प्रशोधन गरी स्थानीय विकाश र जनताको निजी प्रयोजनमा समेत प्रयोग गर्न पाउने गरी प्रशोधन केन्द्र स्थापना गरी सञ्चालन गर्ने स्वीकृती का लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**६. दरबन्दी सर्भेक्षण तथा सेवा सुविधा सम्बन्धी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रताव नं. ६ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको दरबन्दी सर्भेक्षण प्रतिवेदन र स्वीकृत तथा थप सेवा सुविधा सम्बन्धी प्रस्ताव स्वीकृतार्थ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**७. कर्मचारी कल्याण कोष स्थापना गरी शहवीर थारुलाई भुक्तानी दिने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा साविक पाताभार गा.वि.स. का तत्कालिन कार्यालय सहयोगी शहवीर थारुले ५८ वर्ष उमेर पुगे पश्चात एक वर्ष सम्म नियमित हाजिर भई काम काज गरी तलव भत्ता भुक्तानी लिएको र २०७४।६।११ देखि अवकाश लिएका तर हाल सम्म कल्याणकारी कोष रकम नपाएकोले निजलाई लामो समय सेवा गरेकोमा धन्यवाद सहित मिति २०७४।६।११ देखी अवकाश दिने, सो मिति सम्म भुक्तानी भएको तलव भत्ता समर्थन गर्ने र कल्याणकारी कोषमा रकम व्यवस्था गरी निजले नियमानुसार पाउने रकम भुक्तानी दिने स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**८. कर्णाली प्रदेशमा समाहित प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा संस्कार, संस्कृती, रहन-सहन र दुरीको हिसावले प्रदेश नं. ५ भन्दा कर्णाली प्रदेश अनुकुल रहेको हुँदा बर्दिया र बाँके जिल्ला लाई कर्णाली प्रदेशमा समाहित हुन अनुरोध गर्दै शो प्रस्तावमा समर्थन जुटाउन र सहमति जनाउन गेरुवा गाउँपालिका सहमत रहेकोले उक्त प्रस्ताव स्वीकृतार्थ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**९. गैरसरकारी संस्थाहरु संग सहकार्य तथा परिचालन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गेरुवा गाउँपालिका क्षेत्रमा परिचालन हुने गैरसरकारी संघसस्थाहरुले आफुले सञ्चालन गर्ने क्रियाकलापहरुको विवरण र स्वीकृत कार्यक्रम र विनियोजित बजेट सहितको विस्तृत विवरण तयार गरि गेरुवा गाउँ कार्यपालिका बाट स्वीकृती लिई कार्यक्रम संचालन गर्ने गरि एकद्धार प्रणाली अवलम्बन गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**१०. स्थानीय दररेट कायम गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा भौतिक निर्माण कार्यको लागि प्रयोग हुने सामाग्रीहरुको स्थानीय दररेट प्रस्ताव गरि बोर्डमा पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री भिम बहादुर खत्री | संयोजक |
| श्री तुल्सीराम श्रेष्ठ | सदस्य |
| श्री राजेश चौधरी | सदस्य |
| श्री कुन नारायण चौधरी | सदस्य |

**११. बिबिध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) ३१ औं बोर्ड बैठकको रुपमा २०७५/४/७ गते विहान ८ : ०० बजे विहान बोर्ड बैठक बस्ने निर्णय गरियो ।